**नेपाल राष्ट्र बैंक**
*वित्त कम्पनी सुपरिवेक्षण विभाग*

**केन्द्रीय कार्यालय**
बालुवाटार, काठमाडौं, नेपाल
फोन नं.: ४४१५१५८
फ्याक्स नं.: ४४१५१५८
E-mail: nrbfisd@nrb.org.np
Web site: www.nrb.org.np
पोष्ट बक्स नं.: ७३

# अरुण फाइनान्स लिमिटेड, धरान, सुनसरीलाई समस्याग्रस्त वित्तीय संस्था घोषणा गरिएको बारे नेपाल राष्ट्र बैंकको सूचना

अरुण फाइनान्स लिमिटेड, धरान, सुनसरीको २०७० पुसको अपरिष्कृत वित्तीय विवरणका आधारमा गरिएको स्थलगत निरीक्षणबाट सुपरिवेक्षकीय समायोजन पश्चात पुँजीकोष १९.१० प्रतिशतले ऋणात्मक रहेको, निष्कृय कर्जा ८०.०६ प्रतिशत रहेको, कर्जा केन्द्रीकरण जोखिम उच्च रहेको तथा यस बैंकबाट तोकिएबमोजिम न्यूनतम चुक्ता पुँजी रु. २० करोड नपुगेको जस्ता गम्भीर प्रकृतिका कैफियतहरु देखिएको । सो सम्बन्धमा उक्त संस्थालाई समस्याग्रस्त वित्तीय संस्था घोषणा किन नगर्ने भनी स्पष्टीकरण पेश गर्न निर्देशन दिईएकोमा उक्त संस्थाबाट पेश हुन आएको स्पष्टीकरणमा संस्थालाई तत्काल सुधार गर्ने कुनै ठोस योजना एवम् रणनीति पेश नगरेको एवम् २०७१ कार्तिक मसान्तको वित्तीय विवरण अनुसार पनि पुँजीकोष ऋणात्मक नै रहनुका साथै निष्कृय कर्जाको अनुपात उच्च रहेको । संस्थाले पेश गरेको स्पष्टीकरणबाट संस्थालाई सुधार गर्नेतर्फ विश्वसनीय आधार नदेखिएको अर्थात स्पष्टीकरण संतोषजनक नदेखिएको तथा हाल उक्त संस्थाको वित्तीय अवस्था निकै कमजोर रहेकोले संस्था, निक्षेपकर्ता, सर्वसाधारण लगानीकर्ता एवम् सम्पूर्ण सरोकारवालाहरुको हित संरक्षणका लागि उक्त संस्थालाई बैंक तथा वित्तीय संस्थाको शीघ्र सुधारात्मक कारवाही सम्बन्धी विनियमावली, २०६४ को विनियम ३ को खण्ड (ङ) को (अ) अनुसार कारवाही गर्न तथा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६ ख. बमोजिम संस्थालाई समस्याग्रस्त वित्तीय संस्था घोषणा गरी सोही ऐनको दफा ८६ ग. अनुसार ६ महिनाभित्र निम्नानुसारको कार्य गर्न निर्देशन दिइएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**निर्देशनहरु**

क. यस बैंकको निर्देशन बमोजिम न्यूनतम चुक्ता पूँजी तथा पुँजीकोष अनुपात कायम गर्ने ।
ख. थप निक्षेप संकलन नगर्ने तथा परिपक्व भएका निक्षेपहरु नवीकरण नगर्ने ।
ग. थप कर्जा तथा जमानत प्रदान नगर्ने एवम् कर्जा नवीकरण नगर्ने ।
घ. भाखा तथा म्याद पुगेका एवम् फिर्ता भुक्तानी गर्नुपर्ने निक्षेप फिर्ता गर्ने । तर, रु. २ लाख (दुई लाख) भन्दा बढी निक्षेप वा दायित्व रकम भुक्तानी गर्दा यस बैंकको स्वीकृति लिने ।
ङ. नयाँ शाखा नखोल्ने ।
च. यस बैंकको स्वीकृति बिना स्थिर सम्पत्ति खरिद तथा बिक्री नगर्ने ।
छ. संचालकको भत्ता तथा सुविधा एवम् कर्मचारीहरुको तलब भत्ता तथा अन्य आर्थिक सुविधा वृद्धि नगर्ने ।
ज. यस बैंकको स्वीकृति बिना नयाँ कर्मचारी भर्ना नगर्ने तथा साविक कर्मचारी बढुवा नगर्ने ।
झ. निष्कृय कर्जाको अनुपात ५ प्रतिशत भन्दा कम गर्ने ।
ञ. लाभांश घोषणा वा वितरण नगर्ने ।
ट. संस्थागत सुशासन, आन्तरिक नियन्त्रण प्रणाली र जोखिम व्यवस्थापनको समुचित व्यवस्था मिलाउने ।
ठ. हरहिसाब तथा श्रेस्ता दुरुस्त राखी यस बैंकलाई सही तथ्य अद्यावधिक जानकारी नियमित रुपमा उपलब्ध गराउने ।

मिति : २०७१/१०/१२